

# ७ अनुग्रह र दश आज्ञाहरू समेत व्यवस्था

***यस अध्यायका मूल पदहरू:*** **इजकिएल २८:१५,१६, व्यवस्था ४:४४, रोमी ३:२०, व्यवस्था १०:१-१५, व्यवस्था ५:६-२२ र व्यवस्था ९:१-६।**

***यस अध्यायको मूल सार पद:*** "परमेश्वरको अनुग्रह म पन्साउँदिनँ, किनकि व्यवस्था वा हाम्रो धार्मिक विधि वा कार्यहरूद्वारा धर्मी ठहरिने हो भनेता ख्रीष्ट व्यर्थैमा मर्नुभयो" (गलाती २:२१ रूपान्तरित)।

प्रायजसो सबै सम्प्रदायका इसाईहरूले व्यवस्था विशेष गरेर दश आज्ञाहरू र अनुग्रहको बारेमा चर्चा गर्छन्। तिनीहरूको एक आपसमा के सम्बन्ध छ भनेर भनेर तिनीहरूले तर्क गर्छन्। परमेश्वर धर्मी र पवित्र हुनुहुन्छ भन्ने प्रमाण गर्ने वा स्तरमापक नै दश आज्ञाहरू हुन्। त्यो स्तरलाई हामीले पनि कायम गरोस् भन्ने परमेश्वरको चाहना हो। त्यस स्तरको विपरित जानु नै पाप हुन जान्छ। यस मामिलामा यूहन्नाले स्पष्टरूपमा यसरी व्यक्त गरेका छन्: "पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ। पाप नै व्यवस्था भङ्ग हो" (१ यूहन्ना ३:४)। हामी जन्मजातैले पापी भएको कारणले (भजन ५१:५) हामीले ती आज्ञाहरूको भङ्ग गरेका हुन्छौं। त्यसको फलस्वरूप पावलले यो जिकिर गर्दछन्, "तर धर्मशास्त्रले बताउँछ, कि सबै कुरा वा सबै मानिसहरू पापको कैदमा छ" (गलाती ३:२२ रूपान्तरित)। परमेश्वरको केवल अनुग्रहलेमात्र हामीलाई त्यस कैदबाट छुट्कारा दिन सक्छ। यसमा पनि पावलको यस्तो स्पष्ट धारणा छ, "अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ— र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो— कर्महरू वा आफ्नो धर्मकर्म, असलकाम आदिद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ" (एफिसी २:८-९ रूपान्तरित)।

(परमेश्वरले हामीलाई दिनुभएको सबै दश आज्ञाहरूमा चौथो आज्ञा वा हप्ताको सातौं दिन साबथ पालन गर्नुको बारेमा अलि धेरै चर्चाहरू गरिएको छ। अधिकांश इसाईहरू हप्ताको सातौं दिन साबथको गरिमालाई लत्याउन भरमग्दुर प्रयास गर्दछन्। अनेकौं कमजोर बहानाहरू बनाएर धेरै जसो इसाईहरूले साबथ पालन गर्नु नपर्ने औचित्य जनाउँछन्। तर यो त फरक विषयको चर्चा हो)।

विभिन्न तरिकाहरूद्वारा, विभिन्न परिस्थितिहरूद्वारा व्यवस्था वा दश आज्ञाहरू र अनुग्रहको विषय बाइबलभरि छरिएको छ। त्यसमा पनि विशेष गरेर व्यवस्थाको पुस्तकमा त्यस विषयलाई जोड दिइएको छ। हो, व्यवस्था र अनुग्रहको बीचमा भएको सम्बन्ध कस्तो छ भनेर विशेष सन्दर्भमार्फत व्यवस्थाको पुस्तकले प्रस्तुत गरेको छ।

## १. व्यवस्थित वा विधिको शासन भएको स्वर्गमा व्यबस्था वा दश आज्ञाहरू

परमेश्वर प्रेमको परमेश्वर हुनुहुन्छ। उहाँको चरित्रको नीतिमा प्रेमले नै छोपेको हुन्छ। उहाँको राज्यको जग नै प्रेम हो। उहाँको प्रेममा हामी जिइरहेकोकारणले त्यस प्रेमलाई फर्काउन हामी पनि प्रेम गरोस् भन्ने उहाँको चाहना छ। त्यसैकारणले परमेश्वरले नैतिक स्वभाव भएको मानव जाति उहाँले सृष्टि गर्नुभएको थियो। प्रेम जबरजस्ती लाद्न नसकिनेभएकोले परमेश्वरले नैतिक स्वतन्त्रता वा आत्मनिर्णयको स्वतन्त्रता दिनुभएर हामीलाई दिनुभएर सृष्टि गर्नुभएको थियो। त्यो स्वतन्त्रता प्रेममा अन्तर्निहित अर्थात् मानव स्वभावमा जरा गाडिएको हुन्छ। प्रेम गर्न, प्रेम पाउन र प्रेममा रहन नै हामी मानव सृजिएका हौं।

पापले गर्दा दुर्भाग्यवस प्रेम र स्वतन्त्रता प्रदुषित हुन पुगेकोछ। नैतिक स्वतन्त्रताको जगनै प्रेम भएकोले दुवै प्रेम र स्वतन्त्रताको अवधारणाको केन्द्रविन्दु दश आज्ञा अर्थात् नैतिक व्यवस्था हो। परमाणु वा उप-परमाणुसमेतको भौतिक, रासायनीक तत्वहरू, समुद्रका छालहरू र पशुपंक्षीहरू केही हदसम्म प्राकृतिक व्यवस्था अनुसार चलेतापनि नैतिक व्वबस्था वा नीति अनुसार चल्दैन न त चल्नुपर्छ भन्ने आवश्यकता नै हुन्छ। तर नैतिक जीवहरू त्यसमा पनि स्वर्गदूतहरू र जगतका अरू जीवहरूलाई सुचारु वा व्यवस्थित ढँगमा चल्न परमेश्वरले नैतिक व्यवस्था दिनुभएको छ।

यो अचम्मको छ कि अधिकांश इसाईहरूले दश आज्ञा केवल पौराणीक इस्राएलीहरूलाईमात्र दिएको हो, त्यसको प्रयोजन वर्तमान इसाईहरूलाई लागु हुँदैन भनेर जोरकातोरले सिकाउँछन्, मानौं दश आज्ञाको सुरु केवल सिनै पहाडमामात्र भएको हो त्यो पनि इस्राएलीहरूको निम्तिमात्रै (नमार्नु, हत्या नगर्नु आदिचाहिँ यहूदीहरूलाईमात्र दिइएको थियो भनेर ती इसाईहरूले भन्दैनन्, तर साबथमात्रै किन त? किनभने, सृष्टिकर्ता परमेश्वरलाई चिनाउने आज्ञा योमात्रै हो जुन् सैतानले घृणा गर्दछ-अनुवादक)। इजकिएल २८:१५,१६ पढ्नुहोस्। यसमा लुशिफरको पतनको बृतान्त लेखिएको छ। जब लुशिफरले परमेश्वरको राज्य स्वर्गमानै विद्रोह गरे तब उसले "पाप गऱ्यो" र "खराब वा अधर्म" भन्ने शब्दहरू ती पदहरूमा उल्लेख गरिएकाछन्। त्यस परिवेशमा स्वर्गमा नै नैतिक व्यवस्था थियो भनेर ती पदहरूले कसरी खुलासा गरिएको छ? हेर्नुहोस्, "१५ तँ सृजिएको दिनदेखि तँमा अधर्म फेला नपरेको दिनसम्म, तेरो चाल-ढङ्गमा तँ दोषरहित थिइस्। १६ तेरा चारैतिरका व्यापारद्वारा तँ उपद्रवले भरिइस्, र तैंले पाप गरिस्। यसैले मैले तँलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करूब, मैले तँलाई अग्निमय पत्थरहरूका बीचदेखि धपाइदिएँ।"

"अधर्मी" भन्ने शब्द केवल धर्मसँगमात्र जोडिएको छैन वा कोही धर्म अनुसार चलेन भे त्यसलाई अधर्मी वा विधर्मी भनेर मानिसलाई औंल्याउँछ। तर शब्दकोष अनुसार धर्म नभएकोमात्र होइन त्यो अवगुणलाई खराब आचरण भएको, कुकर्मी, अत्याचारी, बदमाश, असत, दुष्ट, धृष्टता, अन्यायी जस्ता शब्दहरूले परिभाषित गरिएको छ। माथिकै पदहरूमा उल्लेख गरिएको "पापी" भन्ने शब्द पनि धार्मिक काम नगर्नेलाईमात्र प्रयोग नगरि अपराधी, दोषी, कलुष, दुष्कर्म, खराब आचरण, पातक, खराब नियत मनमा राख्ने, विश्वासघात वा अरूलाई आघात गर्ने, अरूलाई हानि गर्ने जस्ता शब्दहरूले परिभाषित गरिएको छ। जब लुशिफरले अधर्म र पाप गऱ्यो भन्दा परमेश्वरले सृष्टि नगरेको अधर्म र पाप अर्कै जीवले सृष्टि गऱ्यो त्यो पनि स्वर्गमा नै फेरि यस पृथ्वी सृष्टि हुनुभन्दा अघि नै रे! यस पृथ्वीमामात्र हुनुपर्ने होइन र छमात्र होइन स्वर्गमा पनि केही कुरो अवस्थित रहेछ भनेर हामीलाई देखाउँदछ।

स्वर्गमा दश आज्ञाहरूका नीतिहरू थिए र स्वर्गदूतहरू पनि नैतिकवान हुन अपेक्षा गरिएको थियो। परमेश्वरको नीतिलाई भङ्ग गर्दा स्वर्गमै लुशिफर र स्वर्गदूतहरूले नराम्रो परिणाम भोग्नुपरेको थियो। पावलले स्वर्गमा भएको व्यवस्थालाई यसरी व्यक्त गरेका छन् "हामीले के भन्ने त? व्यवस्था पाप हो?

**कदापि होइन! यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तैंले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ" (रोमी ७:७)। हो, लुशिफरले दश आज्ञाहरूको एक नीति लोभमात्र होइन त्यसले गर्दा सबै नीतिहरूनै भङ्ग गरेको थियो।**

एलेन जी ह्वाइटले यसरी व्याख्या गर्नुहुन्छः "परमेश्वरको दश आज्ञा वा व्यवस्थाको आचारसंहितामा उहाँको इच्छा कोरिएको छ। त्यस व्यवस्था वा दश आज्ञाका नीतिहरू नै स्वर्गको व्यवस्था वा नीतिहरू हुन्। परमेश्वरको चाहनलाई थाहा पाउने ज्ञान भन्दा अरू कुनै पनि उच्च ज्ञानहरूको उपलब्धी हासिल गर्नेतिर लाग्न स्वर्दूतहरूबाट अपेक्षा गरिएको छैन। परमेश्वरको इच्छा पालन गर्नुमा नै तिनीहरूले आफ्ना सबै शक्ति प्रयोग गर्नुपर्छ। त्यो नै तिनीहरूको सबभन्दा ठूलो सेवा हो।"-*थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग,* पृ. १०९बाट रूपान्तरित।

याद गर्नुहोस्, स्वर्गमा होस् वा पृथ्वीमा होस्ः यदि परमेश्वरका जीवहरू नैतिक जीवहरू हुन् भने तिनीहरूलाई सञ्चालन गर्न वा सुशासन अर्थात् व्यवस्थित ढँगले चलाउन तिनीहरूलाई नैतिक व्यवस्था वा आचारसंहित दिएको हुन्छ। चाहे स्वर्गमा होस् वा पृथ्वीमा होस् परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको उल्लङ्घन गर्नु पाप हो।

**नैतिक जीवहरूसँग नैतिक व्यवस्था किन अलग गर्न सकिन्दैन? परमेश्वरको नैतिक व्यवस्था वा दश आज्ञाहरू बिना नैतिकता भनेको के हो र के होइन भनेर कसरी व्याख्या गर्ने?**

## २. व्यवस्थाको पुस्तकमा व्यवस्था

अब हामी परिवेश हेरौं। इस्राएलीहरू कनान देशको सिमानामा थिए। तिनीहरू परमेश्वरका चुनिएका जनहरू थिए। परमेश्वरले तिनीहरूलाई प्रतिज्ञा गर्नुभएको भूमिमा आखिरमा तिनीहरू पस्नै लागेका थिए। तिनीहरूले त्यो देश कब्जा गर्नुभन्दा अघि मोशाले अन्तिम निर्देशनहरू दिएका थिए। ती निर्देशनहरू व्यवस्थाको पुस्तकमा थुपारिएका छन्। उनले दिएका धेरै निर्देशनहरूमा परमेश्वरप्रति बफादार हुन र उहाँका आज्ञाहरू पालन गर्ने विषयबस्तुहरू थिए।

**देहायका पदहरू पढ्नुहोस्। यहाँ के विषयबस्तु बारम्बार औंल्याइएको छ र इस्राएलीहरूको निम्ति त्यो विषयबस्तु किन अत्यन्तै महत्त्वपूर्ण थियो? हेर्नुहोस्, व्यवस्था ४:४४,४५ "४४ मोशाले इस्राएलीहरूलाई दिएको व्यवस्था**

यही हो। ४५ मिश्रबाट निस्केर आएपछि मोशाले इस्राएलीहरूलाई घोषणा गरेका नियम र विधिविधानहरू यी नै हुन्।", व्यवस्था १७:१९,२० "१९ त्यस व्यवस्थाका सबै कुरा र यी विधिहरू होशियारीसाथ पालन गर्नलाई सो पुस्तक तिनीसँग रहोस् र तिनले आजीवन सधैं पढून्, ताकि तिनले परमप्रभु आफ्ना परमेश्वरको डर मान्न सिकून्। २० तिनले आफैलाई आफ्ना दाजुभाइहरूभन्दा श्रेष्ठ नठानून्, र व्यवस्थाबाट तर्केर दाहिने वा देब्रे नलागून्। यसरी तिनी र तिनका सन्तानले लामो समयसम्म इस्राएलमा तिनको राज्यमाथि शासन गर्नेछन्।", व्यवस्था २८:५८-६३ "५८ यदि परमप्रभु तिमीहरूका परमेश्वरको गौरवमय भययोग्य नाउँको डर मानेनौ र तिमीहरूले यस पुस्तकमा लेखिएका व्यवस्थाका सबै वचन होशियारीसाथ पालन गरेनौ भने, ५९ परमप्रभुले तिमीहरू र तिमीहरूका बालबच्चामाथि डरलाग्दो, असहाय र रहिरहने कष्टहरू र चाँड़ो निको नहुने भयानक रोगहरू ल्याउनुहुनेछ। ६० मिश्रका जुन रोगहरूदेखि तिमीहरू डराउँथ्यौ, ती सबै रोगहरू उहाँले तिमीहरूमाथि ल्याउनुहुनेछ, र ती तिमीहरूमा टाँसिनेछन्। ६१ यस व्यवस्थाको पुस्तकमा उल्लेख नभएको हरेक किसिमका रोग र विपत्ति पनि तिमीहरू नष्ट नभएसम्म परमप्रभुले तिमीहरूमाथि ल्याउनुहुनेछ। ६२ तिमीहरू, जो अघि संख्यामा आकाशका तारासरह थियौ, थोरै मात्र बाँकी रहनेछौ, किनकि तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरको वचन मानेनौ। ६३ जसरी परमप्रभुले खुशीसाथ तिमीहरूको भलाइ र वृद्धि गर्नुभयो, त्यसरी नै तिमीहरूलाई खुशीसाथ ध्वंस र विनाश पार्नुहुनेछ। अनि तिमीहरूले अधिकार गर्नलाई पस्न लागेको देशबाट तिमीहरू उखेलिनेछौ।", व्यवस्था ३०:६-१४ "६ परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले आफ्नो सारा हृदय र आफ्नो सारा प्राणले प्रेम गर्नलाई उहाँले तिमीहरूको र तिमीहरूका सन्तानको हृदयको खतना गर्नुहुनेछ, र तिमीहरू जिउन सक। ७ परमप्रभु तिमीहरूका परमेश्वरले यी सबै श्रापहरू तिमीहरूलाई हेला गर्ने र खेदो गर्ने तिमीहरूका शत्रुहरूमाथि ल्याउनुहुनेछ। ८ तिमीहरूले फेरि परमप्रभुको वचन मान्नेछौ, र आज मैले तिमीहरूलाई दिएका उहाँका सबै आज्ञाहरू पालन गर्नेछौ। ९ तब तिमीहरूका हातका सबै काममा, सन्तानमा, गाईबस्तुका बाछा-बाछीहरूमा र भूमिका अन्नहरूमा आफ्ना परमेश्वरले तिमीहरूलाई अघोर वृद्धि गराउनुहुनेछ। १० व्यवस्थाको यस पुस्तकमा लेखिएका उहाँका आज्ञा र विधिहरू पालन गर्‍यौ भने र आफ्नो पूरा हृदयले र आफ्नो पूरा प्राणले परमप्रभु आफ्ना परमेश्वरतिर तिमीहरू फर्क्यौं भने, तिमीहरूका पिता-पुर्खासँग उहाँ प्रसन्न

हुनुभएझैं परमप्रभु तिमीहरूसँग फेरि प्रसन्न हुनुहुनेछ र तिमीहरूलाई वृद्धि गर्नुहुनेछ। ११ आज मैले तिमीहरूलाई दिएको आज्ञा तिमीहरूका निम्ति साह्रै गाह्रो वा टाढ़ो छैन। १२ "हाम्रा निम्ति स्वर्गमा उक्लेर कसले त्यो ल्याइदिएर हामीलाई बताइदिने र हामी त्यो पालन गरौं?" भनी तिमीहरूले भन्नुपर्दैन, किनभने त्यो स्वर्गमा छैन। १३ "कसले सागर पारि गएर हामीलाई त्यो ल्याइदिएर हामीलाई सुनाइदिने र हामी त्यो पालन गरौं?" भनी तिमीहरूले भन्नुपर्दैन, किनभने त्यो सागरको पल्लो छेउमा पनि छैन। १४ तर तिमीहरूले पालन गर्नलाई वचन तिमीहरूको नजिकै छ— तिमीहरूकै मुख र तिमीहरूकै हृदयमा छ।", व्यवस्था ३१:९-१३ "९ अनि मोशाले व्यवस्था लेखेर परमप्रभुका करारको सन्दूक बोक्ने, लेवी वंशका पूजाहारीहरू र इस्राएलका सबै धर्म-गुरुहरूलाई दिए। १० तब मोशाले तिनीहरूलाई यस्तो आदेश दिए: "प्रत्येक सात वर्षको अन्तमा ऋणहरू मेटिदिने वर्षमा, छाप्रो-वासको चाड़मा, ११ उहाँले छान्नुहुने ठाउँमा परमप्रभु तिमीहरूका परमेश्वरको सामु जब सारा इस्राएलीहरू देखा पर्नलाई आउँछन्, तब सारा इस्राएलका अगि तिनीहरूले सुन्ने गरी तिमीहरूले यो व्यवस्था पढ्नू। १२ पुरुष र स्त्री, बालक र तिमीहरूका सहरभित्र भएका परदेशीहरू सबैलाई भेला गर, र तिनीहरूले सुनेर परमप्रभु तिमीहरूका परमेश्वरको भय मान्न र यस व्यवस्थाका सबै वचन होशियारीसाथ पालन गर्न सिकून्। १३ यर्दन पारि तिमीहरूले अधिकार गर्न जान लागेको देशमा बसुन्जेल यो व्यवस्था नजान्ने तिनीहरूका छोराछोरीहरूले पनि सुनेर परमप्रभु तिमीहरूका परमेश्वरको भय मान्न सिक्नुपर्नेछ।", व्यवस्था ३२:४४-४७ "४४ मोशा र नूनका छोरा यहोशू आएर मानिसहरूलाई यस भजनका सबै शब्दहरू सुनाए। ४५ जब मोशाले सारा इस्राएलीहरूलाई यी सबै वचनहरू भनिसिद्ध्याए, ४६ तब तिनले तिनीहरूलाई भने, "आज मैले तिमीहरूलाई गम्भीरतापूर्वक दिएका सबै वचनहरू आफ्नो मनमा राख, ताकि आफ्ना छोराछोरीहरूलाई पनि यस व्यवस्थाका सबै वचनहरू होशियारीसाथ पालन गर्ने आज्ञा दिन सक। ४७ यी तिमीहरूका लागि व्यर्थका शब्द होइनन्। यी तिमीहरूका लागि जीवन हुन्। यीद्वारा नै यर्दन पारि अधिकार गर्नलाई जान लागेको देशमा तिमीहरू दीर्घायु हुनेछौ।" र व्यवस्था ३३:१-४ "१ परमेश्वरका मानिस मोशाले आफ्नो मृत्युभन्दा अघि इस्राएलीहरूलाई दिएको आशीर्वाद यही हो। २ तिनले भने: "परमप्रभु सीनैबाट आउनुभयो, र सेइरबाट तिनीहरूमाथि उदय हुनुभयो। उहाँ पारान डाँड़ाबाट चम्कनुभयो। लाखौं पवित्र

**जनहरूसँग दक्षिणबाट, आफ्ना पहाड़का भिरालो ठाउँबाट उहाँ आउनुभयो। ३ निश्चय नै तपाईं मानिसहरूलाई प्यारो गर्ने हुनुहुन्छ, सबै पवित्र जनहरू तपाईंकै हातमा छन्। तिनीहरू सबै तपाईंका पाउमा दण्डवत् गर्छन्, र तपाईंबाट अर्ती लिन्छन्— ४ मोशाले दिएको व्यवस्था, याकूबका समुदायको सम्पत्ति।"**

अत्यन्तै हल्का पाराले व्यवस्थाको पुस्तक पढेपनि इस्राएल राष्ट्रको निम्ति परमेश्वरका वचनहरू पालन गर्ने कस्तो महत्त्वपूर्ण वा निर्णायक रहेछ भनेर थाहा दिइन्छ। वास्तविकरूपमा भन्ने हो भने परमेश्वरसँग गरिएको सम्झौता वा करारलाई निरन्तरता दिने हो भने तिनीहरूले उहाँका वचन पालन गर्नैपर्दथ्यो। अझ भनौं भने करारको आज्ञाहरू पालन गर्नु नै परमेश्वरका जनहरूको अभिभारा वा कर्तव्य थियो। परमेश्वरले तिनीहरूको निम्ति कति धेरै गर्नुभएको थियो र समय बित्दै जाँदा अझ धेरै गर्नुहुन्थ्यो जुन तिनीहरू आफैले गर्न सक्दैनथ्यो न त गर्न नै योग्य थिए (अनुग्रह भनेकै त्यो हो जुन हामी योग्य भएको कारणले पाउने होइनौं)। त्यसको प्रत्युत्तरमा उहाँले हामीबाट के चाहनुहुन्थ्यो त? केवल उहाँको वचन वा व्यवस्थालाई पालन गर्नु।

अहिले पनि केही फरक छैन। परमेश्वरको अनुग्रहले हामीलाई मुक्ति दिन्छ। हाम्रो कुनै धर्मकर्म वा व्यवस्था पालन गरेकोले मुक्ति पाएका होइनौं। यस विषयमा पावलले स्पष्टरूपम यसरी व्यक्त गर्दछन्, "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्" (रोमी ३ः२३-२४)। हामी धर्मी ठहरिएकोले र अनुग्रहद्वारा निर्दोष ठहरिएकोले त्यसलाई कायम राख्न र परमेश्वरप्रति आभार देखाउन उहाँको व्यवस्थालाई पालन गर्छौं। उहाँको व्यवस्था मानव प्राणीको निम्ति सरल छः उहाँलाई बाहेक अरूलाई परमेश्वर नभन्ने, बेकारका वा बेकाममा मूर्ति वा अरू प्राकृतिक थोकहरूको आकार बनाएर पूजा नगर्ने, बेकारमा परमेश्वरको आदरणीय नाउँ नलिने, छ दिन काम गरेर एकदिन विश्राम लिने, आमाबाबुलाई आदर गर्ने, कसैलाई नमार्ने, कसैको जिउ नमास्ने, लोभ नगर्ने, झुठो नबोल्ने र नचोर्ने (पछिल्लो छ आज्ञाहरू त बुद्धधर्मको पञ्चशील पनि हो- अधिकांश इसाई सम्प्रदायहरूले ती आज्ञाहरू पालन गर्नुपर्दैन भन्ने सुन्दा त येशूलाई नमान्नेहरू पनि गजब मान्छन् होला-अनुवादक)। ती आज्ञाहरू पालन गरेर हामी मुक्ति पाउने प्रयास गर्दैनौं। यसमा पावलको स्पष्ट धारणा यस्तो छः "यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी

ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ अर्थात व्यवस्थाले पाप के हो भनेर औल्याउँछ" (रोमी ३:२० रूपान्तरित)। तर हामी परमेश्वरको वचन वा व्यवस्थालाई शिरोपर गरेर चल्छौं किनकि परमेश्वर अनुग्रही भएर हामीलाई मुक्ति दिनुभएको छ। "यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर" (यूहन्ना १४:१५), यो येशूको प्रेमपूर्ण आग्रह हो।

अनुग्रह र व्यवस्था भनेको के हो भनेर ठूलो पाठ सिकाउने पुस्तक व्यवस्थाको पुस्तक हो। परमेश्वरको अनुग्रहले नै हामीले उद्धार पाउँछौं। हाम्रो कुनै पनि धर्मकर्म, असल काम, त्याग तपस्या आदि गरेर मुक्ति पाउन सक्दैनौं जसरी इस्राएलीहरू मिश्रदेशको बन्धकबाट आफै भाग्न सक्दैनथ्यो। त्यसको प्रत्युत्तरमा हामी विश्वासद्वारा जिउन चाहन्छौं। उहाँलाई र उहाँको वचनलाई शिरोपर गरेर जिउन हामी प्रतिबद्धता गर्नु हाम्रै हितको निम्ति हो। आदमको पतनदेखि संकटको र पशुको छाप पाउने समयसम्म परमेश्वरप्रति बफादार भएर जिउने जनहरूलाई सन्त भनेर सम्बोधन गरिएको छ। तिनीहरूले परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाहरू पालन गर्छन् र जुन विश्वास वा आस्था र भरोसा येशूमा थियो त्यी आस्था तिनीहरूमा पनि भएको हुन्छ (प्रकाश १४:१२)। दुवै अनुग्रह र व्यवस्थालाई मिलाएर जाने प्रक्रियानै परमेश्वरसँग करारको सम्बन्धमा चल्नु हो। परमेश्वरको व्यवस्थाको मर्यादालाई पालन नगर्दा हामी पापमा फस्छौं तर उहाँको अनुग्रहले हामी त्यस पापबाट मुक्त हुन्छौं। त्यही अनुग्रहले हामीलाई परमेश्वरको व्यवस्था पालन गर्न शक्तिसम्पन्न गराउनुहुन्छ। परमेश्वरसँग हामी मिलेकाछौं र उहाँसँग हामी करार बाँधेकाछौं भन्नुको उपज नै उहाँका वचनहरू पालन गर्न सक्नु हो।

**परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू पालन गर्ने नाउँमा हामी विधिवाद वा जडसूत्रबादको धरापबाट हामी कसरी उम्किने? अर्थात् परमेश्वरलाई खुशी पार्न दश आज्ञाहरू पालन गर्ने कि उहाँको अनुग्रहले खुशी र आभारित भएर उहाँको आज्ञा पालन गर्ने?**

## ३. लेटोभ लाक *Letov Lak*

सन्देहवादी वा शङ्का गर्ने अर्थात् सृष्टिकर्ता परमेश्वरलाई विश्वास नगर्नेहरूले बाइबललाई नपचाउन र अस्वीकार गर्न भरमग्दुर प्रयास गर्दछन्। विशेष गरेर तिनीहरूले परमेश्वरको चरित्रको बारेमा पुरानो करारमा सम्बोधन गर्ने केही कठोर शब्दहरू देखापर्दा ती स्वभावहरूप्रति आक्रोस व्यक्त गर्दै

त्यस्ता परमेश्वरलाई म विश्वास गर्दिन भन्ने धारणा राख्दछन्। येशूको स्वभावको विपरित पुरानो करारमा देखाइएको परमेश्वर कठोर, बदलाको भावनाले प्रेरित, रिसाहा, सनकी, आक्रामक जस्ता प्रेमाभावलाई असजिलो बनाउने भनेर चित्रण गरेको तिनीहरूले देख्दछन्। यो धारणा कुनै नयाँ होइन। परमेश्वरको बारेमा गलत चित्रण गर्ने ती स्वभावहरू आफैमा गल्ती र अमान्य शताब्दीयौं अघिमात्र होइन अहिले पनि छ।

परमेश्वरले पौराणिक इस्राएललाई प्रेम गर्नुभएको र तिनीहरूको उच्चतम हित चाहनुहुने भनेर देखाएका गुणहरू पुरानो करारमा बारम्बार उल्लेख गरिएकाछन्। यस खालको प्रेम व्यवस्थाको पुस्तकमा अत्यन्तै उल्लेखनीयरूपमा प्रस्तुत गरेको हामी पाउँछौं।

**व्यवस्था १०:१-१७ पढ्नुहोस्। कुन तत्काल सन्दर्भमा ती पदहरू लेखिएका हुन्? उहाँका जनहरूप्रति परमेश्वर कस्तो संवेदनशील हुनुभएको थियो भनेर ती पदहरूले हामीलाई नै के सिकाउँछ? तिनीहरूले घोर पाप वा परमेश्वरको विरुद्धमा अपराध गरेका थिए यद्यपि परमेश्वरले तिनीहरूलाई सदाशयता देखाउनुभएको थियो र उहाँको अनुग्रह पोखाउनुभएको थियो। त्यसले हामीलाई के सन्देश दिन्छ? हेर्नुहोस्: "१ त्यस बेला परमप्रभुले मलाई भन्नुभयो, "पहिलेका जस्तै ढुङ्गाका दुई वटा पाटी काट्, र पर्वतमा उक्लेर मकहाँ आऊ। अनि एउटा काठको सन्दूक पनि बनाऊ। २ तिमीले फुटाएका पहिलेका पाटीमा भएका वचनहरू म यी पाटीमा लेखिदिनेछु, अनि ती तिमीले सन्दूकमा राख्नुपर्छ।" ३ मैले बबुल काठको सन्दूक बनाएँ, अनि पहिलेका जस्तै दुई वटा शिला-पाटी काटें, र आफ्ना हातमा ती दुई पाटी लिएर पर्वतमा उक्लें। ४ अनि परमप्रभुले सभाको दिनमा पर्वतमा अग्निको बीचबाट तिमीहरूलाई दिनुभएका दश आज्ञा पहिलेझैं ती पाटीमा लेखेर परमप्रभुले मलाई दिनुभयो। ५ त्यसपछि म पर्वतबाट ओर्लेर आएँ, र परमप्रभुले मलाई आज्ञा गर्नुभएझैं मैले बनाएको यस सन्दूकमा ती पाटीहरू राखें, र ती अहिले त्यसमा छन्। ६ (इस्राएलीहरू याकानीहरूका इनारहरूबाट हिँड़र मोसेरामा आए। त्यहाँ हारून मरे, र गाड़िए। अनि तिनका छोरा एलाजारले तिनको स्थानमा पूजाहारीको काम गर्न लागे। ७ त्यहाँबाट इस्राएलीहरू गुदगुदासम्म हिँड़े, अनि गुदगुदाबाट खोलाहरू भएको योतबातामा आए। ८ आजसम्म चलिआएझैं परमप्रभुका करारको सन्दूक बोक्न, परमप्रभुको सामु खड़ा भएर उहाँको सेवा गर्न र उहाँको नाउँमा आशिष् दिन त्यस बेला परमप्रभुले लेवीको कुललाई अलग गर्नुभयो। ९ यसैकारण**

लेवीहरूलाई आफ्ना दाजुभाइहरूसँग कुनै हिस्सा कि उत्तराधिकार छैन। परमप्रभु तिमीहरूका परमेश्वरले तिनीहरूलाई भन्नुभएझैं परमप्रभु नै तिनीहरूका निजी अधिकार हुनुहुन्छ।) १० पहिलेझैं म पर्वतमा चालीस दिन र चालीस रात बसें। यस पल्ट पनि परमप्रभुले मेरो बिन्ती सुन्नुभयो। उहाँले तिमीहरूलाई नाश गर्न चाहनुभएन। ११ अनि परमप्रभुले मलाई भन्नुभयो, "उठ्, मानिसहरूलाई नेतृत्व गर्, र मैले तिनीहरूका पुर्खाहरूसित प्रतिज्ञा गरेर दिन्छु भनेको देशमा पसी तिनीहरूले त्यो अधिकार गरून्।"

१२ यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट चाहनुभएका कुरा यी नै हुन्ः तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिँड, उहाँलाई प्रेम गर, आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर, १३ र तिमीहरूका हितको लागि मैले आज तिमीहरूलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरू मान। १४ आकाशहरू, सर्वोच्च आकाशमण्डलहरू, र पृथ्वी र त्यसमा भएका जे-जति छन्, ती सबै परमप्रभु तिमीहरूका परमेश्वरकै हुन्। १५ तापनि तिमीहरूका पिता-पुर्खामा नै आफ्नो प्यार खन्याई परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुभयो, र आज तिमीहरूले देखेझैं तिनीहरूका सन्तान तिमीहरूलाई नै सबै जातिहरूका माझबाट उहाँले चुन्नुभयो। १६ यसकारण अब आफ्ना हृदयको खतना गर, र अबदेखि उसो हठी नहोओ। १७ किनकि परमप्रभु तिमीहरूका परमेश्वर नै ईश्वरहरूका परमेश्वर र प्रभुहरूका परमप्रभु, महान् परमेश्वर, शक्तिशाली र भययोग्य हुनुहुन्छ। उहाँले कसैको पक्षपात गर्नुहुन्न, र उहाँले कहिल्यै घूस लिनुहुन्न।"

इस्राएलीहरूमाथि परमेश्वरको अनुग्रह र प्रेम हिमालबाट आएको स्वच्छ र निर्मल पानी जस्तै बगरिरहेको ती पदहरूबाट हामी पाउँछौं। विशेष गरेर पद १२ र १३ हेर्नुहोस्। साँच्चिकै भनौं भने त्यो एउटा लामो वाक्य हो। त्यसमा प्रश्न लुकिएको छ र त्यो प्रश्न अत्यन्तै सरल छः *म कोहुँ र, म तिमीहरूको परमप्रभु हो, मैले तिमीहरूबाट केही अपेक्षा गरेको छैन तर यी कुराहरूमान भन्ने चाहनामात्र गरेको छु...मेरो मार्गमा हिँड, मलाई प्रेम गर, मेरो सेवा गर र तिमीहरूकै भलाइको निम्ति मेरा विधिविधानहरू पालना गर?*

यो धेरै सोचनीय विषय हो। हिब्रू भाषामा "तिमी" र "तिमीहरू" भन्ने शब्द एक वचनमा लेखिएको छ अर्थात् व्यक्तिगतलाई सम्बोधन गरिएको तर आमा जनतालाई होइन। हो, परमेश्वरले राष्ट्रका सबै जनतालाई सम्बोधन त

गरिरहनुभएको थियो तर उहाँका वचनहरूको अर्थ नै के रह्यो र यदि ती मानिसहरूले व्यक्तिगतरूपमा आत्मसात् गरेन, स्वीकार गरेन वा त्यस अनुसार चलेन भने? समष्टि वा सिङ्गो भाग त्यसबेलामात्र असल हुन्छ जब त्यसको प्रत्येक भाग असल हुन्छ। इस्राएली राष्ट्रका जनतालाई परमेश्वरले सम्बोधन गर्नुहुन्दा एक-एक जना वा व्यक्ति व्यक्तिलाई सम्बोधन गर्नुभएको थियो।

पद १३को अन्तलाई हामी विर्सन सक्दैनौँः ती थोकहरू पालन गर जुन तिम्रै भलाईको निम्ति हो। सायद हिब्रू भाषाको *लेटोभ लाक* l^etov lak *को* अर्थ नै "तिम्रो सर्वोच्च हित वा भलाई" हो। ती इस्राएलीहरूको सर्वोच्च हितको निम्ति नै परमेश्वरका वचनहरू पालन गर्नुपर्छ भनेर उहाँले तिनीहरूलाई आज्ञा दिनुभएको थियो। परमेश्वरले तिनीहरूलाई सृष्टि गर्नुभयो, उहाँले तिनीहरूलाई सँभार गर्नुहुन्छ, तिनीहरूको निम्ति सबभन्दा असल कुरो के छ सो उहाँलाई थाहा छ र तिनीहरूकै सर्वोच्च हित भएको उहाँ चाहनुहुन्छ। परमेश्वरको व्यवस्था, दश आज्ञाहरूलाई पालन गर्नुभनेको तिनीहरूकै फाइदाको निम्ति हो। परमेश्वरको व्यवस्था वा दश आज्ञा प्रायजसो सुरक्षित राख्ने पर्खाल भनेर व्याख्या गरिएको छ। त्यस पर्खालभित्र बस्दा उहाँका भक्तहरूलाई दुष्टताको बाढीमा तैरिने काठ जस्तै हुनजान्छ। नत्रभने यस संसारमा भएका अनेकौँ छलकपट, खराबतत्वहरूले तिनीहरूलाई नाश गर्ने निश्चित छ। संक्षिप्तमा भन्ने हो भने परमेश्वरले आफ्ना जनहरूको निम्ति देखाउनुभएको प्रेमको उपज नै उहाँको व्यवस्था वा दश आज्ञा हो। यदि उहाँको व्यवस्था वा दश आज्ञालाज्ञालाई पालन गर्न सक्यौँ भने हाम्रै सर्वोच्च हित वा भलाई हुन्छ।

**तपाईंले आफ्नो विगतको समयलाई सम्झिनुहोस्। परमेश्वरको व्यवस्था अनुसार तपाईं चल्दा वा उहाँको नीति अनुसार चल्दा तपाईंकै भलाई भएको कतिको अनुभव गर्नुभएको थियो?**

## ४. मिश्र देशमा दास

एउटा विषयबस्तु व्यवस्थाको पुस्तकमा घरिघरि देखा परेको देखिन्छः त्यो हो परमेश्वरले इस्राएलीहरूलाई मिश्रको देशबाट उद्धार गर्नुभएको। परमेश्वरले तिनीहरूलाई के गर्नुभयो सो सम्झिरहोस् भनेर तिनीहरूलाई याद दिलाइरहनुभएको थियोः "यसकारण परमप्रभुले हामीलाई आफ्नो प्रतापी हात र फैलिएको पाखुराले ठूलो आतङ्क, आश्चर्य चिन्ह र अचम्मका कामहरू देखाएर

मिश्रबाट निकालेर ल्याउनुभयो" (व्यवस्था २६:८, व्यवस्था १६:१-६ पनि पढ्नुहोस्)।

पुरानो करारभरि, यथार्थमा भन्ने हो भने, परमेश्‍वरले उहाँका जनहरूलाई शक्तिशाली तथा प्रतापी हात र अनुग्रहले मिश्रको दासत्वबाट उद्धार गर्नुभएको प्रस्थानको कथा उदाहरणको रूपमा प्रस्तुत गरेको पाइन्छः "मैले तिमीहरूलाई मिश्र देशबाट निकालेर ल्याएँ, मैले तिमीहरूलाई बन्दी गृहबाट उद्धार गरें" (मीका ६:४ रूपान्तरित)।

नयाँ करारमा पनि परमेश्वरको महान् शक्तिले उहाँका जनहरूलाई मिश्रदेशबाट निकालेर ल्याउनुभएको कथा ख्रीष्टमा अनुग्रहले मुक्ति पाउने संज्ञाको रूपमा देखा परेको पाइन्छः "विश्वासद्वारा ओबानो भूमिमाझैं गरी हिँड्र तिनीहरूले लाल समुद्र पार गरे, जुन कुरो मिश्रीहरूले प्रयत्न गर्दा डुबेर मरे" (हिब्रू ११:२९), "१ भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए। २ अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। ३ सबैले एउटै आत्मिक भोजन खाए। ४ सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिंड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो" (१ कोरिन्थी १०:१-४)।

**व्यवस्था ५:६-२२ पढ्नुहोस्। यसमा व्यवस्था वा दश आज्ञाहरू मोशाले दोहोर्‍याएका पाउँछौं। यो व्यवस्था तिनीहरूले यह्वेसँग गरिएको करार वा सम्झौता तिनीहरूको प्रतिवद्धताको जग हो भनेर देखाइएको छ। यसमा विशेष गरेर चौथो आज्ञा तिनीहरूले पालन गर्नुपर्ने कारण उल्लेख गरिएको छ। यसमा व्यवस्था र अनुग्रहको वास्तविकतालाई कसरी प्रकट गर्दछ? फेरि पद २६मा परमेश्वरको के तिब्र चाहना व्यक्त गर्नुभएको थियो? हेर्नुहोस्ः "१ मोशाले सबै इस्राएलीहरूलाई बोलाएर भनेः हे इस्राएली हो, आज मैले तिमीहरूलाई दिएका विधि र विधान सुन, र ती होशियारीसाथ पालन गर। २ परमप्रभु हाम्रा परमेश्वरले हामीसित होरेबमा करार बाँध्नुभयो। ३ परमप्रभुले यो करार हाम्रा पिता-पुर्खासँग होइन, तर हामीसँग, जो आजसम्म यहाँ जीवित छौं, यो बाँध्नुभएको हो। ४ परमप्रभुले तिमीहरूसँग पर्वतमा अग्निबाट आमनेसामने कुरा गर्नुभयो। ५ (त्यस बेला म नै परमप्रभु र तिमीहरूका बीचमा भएर परमप्रभुका वचन तिमीहरूलाई जनाउन खड़ा भएँ, किनकि तिमीहरू अग्निको कारण डराएका थियौ, र पर्वतमा उक्लेनौ।) अनि उहाँले भन्नुभयोः ६ "म**

परमप्रभु तिमीहरूका परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रदेश, अर्थात् दासत्वको
देशबाट निकालेर ल्याएँ। ७ “मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू। ८
“आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल
पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। ९
तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु
तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका
अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म
दिनेछु, १० तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं
पुस्तामाथि म कृपा गर्नेछु। ११ “परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा
नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभुले निरपराध
ठहराउनुहुनेछैन।

१२ “परमप्रभु आफ्ना परमेश्वरले आज्ञा गर्नुभएबमोजिम शबाथ-दिन
पवित्र राख्न याद राख्नू। १३ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू,
१४ तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो।
त्यसमा तिमीहरूले केही काम नगर्नू— आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु,
गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना
कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा
हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा
प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण
परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।
१६ परमप्रभु आफ्ना परमेश्वरले आज्ञा दिनुभएझैं आफ्ना बाबु र आमालाई
आदर गर्नू, र परमप्रभु आफ्ना परमेश्वरले दिनुभएको देशमा तिमीहरूको आयु
लामो होस्, र त्यहाँ तिमीहरूको भलो होस्। १७ “हत्या नगर्नू। १८
“व्यभिचार नगर्नू। १९ “चोरी नगर्नू। २० “आफ्नो छिमेकीको विरुद्धमा झूटो
गवाही नदिनू।

२१ “आफ्नो छिमेकीका पत्नी, घर, खेतबारी, कमारा, कमारी, गोरु,
गधा, अथवा त्यसको कुनै पनि वस्तुको लालच नगर्नू।” २२ यी आज्ञाहरू
परमप्रभुले पर्वतमा आगो र बादल र घोर अन्धकारको बीचबाट तिमीहरूका
सारा समुदायलाई ठूलो सोरले भन्नुभयो। उहाँले थप केही भन्नुभएन। अनि
उहाँले ती आज्ञा दुई वटा ढुङ्गाका पाटीमा लेखेर मलाई दिनुभयो। २३ जब
तिमीहरूले अन्धकारको बीचबाट सोर सुन्यौ, र जब पर्वत आगोले बलिरहेको

थियो, तब तिमीहरूका कुलका सबै नायकहरू र धर्म-गुरुहरू मेरो नजिक आए। २४ अनि तिमीहरूले भन्यौ, "परमप्रभु हाम्रा परमेश्वरले आफ्नो महिमा र गौरव हामीलाई प्रकट गर्नुभयो। हामीले उहाँको सोर अग्निबाट सुन्यौ। परमेश्वर मानिससँग बोल्नुभए तापनि मानिस जीवित रहेको हामीले आज देख्यौं। २५ अब यति ठूलो अग्निमा भस्म भएर हामी किन मर्ने? यदि परमप्रभु हाम्रा परमेश्वरको सोर हामीले अझै सुन्यौं भनेता हामी मर्नेछौं! २६ अग्निबाट जीवित परमेश्वर बोल्नुभएको सुनेर हामीझैं बाँच्ने कुनचाहिँ मरणशील मानिस होला? २७ तपाईं आफै नै नजिक जानुहोस्, र परमप्रभु हाम्रा परमेश्वरले भन्नुभएका सबै कुरा सुनेर हामीलाई बताउनुहोस् र हामी सुनेर पालन गर्नेछौं।" २८ तिमीहरू मसित बोलेका परमप्रभुले सुन्नुभयो, र उहाँले मलाई भन्नुभयो, "यी मानिसहरूले तिमीलाई भनेका कुरा मैले सुनें। तिनीहरूले ठीकै भनेका छन्। *२९ मेरो डर मान्ने र सधैं मेरा सबै कुरा पालन गर्ने तिनीहरूका हृदय भए त हुनेथियो, ताकि तिनीहरू र तिनीहरूका सन्तानको भलो सधैंभरि होस्" (*व्यवस्था ५:१-२९)।

परमेश्वरले दिनुभएको दश आज्ञाहरूलाई दोहोऱ्याउँदै सातौं दिन साबथमा विश्राम लिनु भनेर दिएको आज्ञामा मोशाले अझ केही थप्दै त्यसको उल्लेखनीयतालाई जोड दिन्छन। सुरूमा ती आज्ञाहरू ढुङ्गाको पाटीमा परमेश्वरले लेख्नुभएको थियो भनेर मोशाले उल्लेख गर्दछन् र परमेश्वरले दिनुभएको चौथो आज्ञामा त्यसलाई पालन गर्नुपर्ने अर्को कारण पनि उनले उल्लेख गर्छन्। सृष्टिको सम्झनाको निम्तिमात्र होइन परमेश्वरले तिनीहरूलाई मिश्रदेशबाट उद्धार गरेर ल्याउनुभएको वा मानौं तिनीहरूको पुनःसृष्टिको सम्झनालाई याद गरेर पालन गर्नु भनेर मोशाले आफ्नो मनतव्य व्यक्त गर्दछन्। परमेश्वरको अनुग्रहले तिनीहरूलाई मिश्रदेशबाट उद्धार गर्नुभयो र तिनीहरूको दासत्वको जीवनबाट विश्राम लिन परमेश्वरले अऱ्हाउनुभएको थियो। यस सन्दर्भमा पावलले हिब्रू ४:१-५ यसरी व्यक्त गर्दछन्: "१ यसकारण परमेश्वरको विश्राममा प्रवेश पाउने प्रतिज्ञा छँदाछँदै हामी होशियार रहौं र तिमीहरूमध्ये कोही पनि त्यस प्रतिज्ञादेखि वञ्चित नहोस्। २ किनकि हामीलाई पनि तिनीहरूलाई झैं सुसमाचार प्रचार गरिएको हो। तर सुनेको वचनले तिनीहरूलाई केही फाइदा भएन, किनकि सुन्नेहरूले विश्वासपूर्वक यिनलाई ग्रहण गरेनन्। ३ किनकि हामी विश्वास गर्नेहरूचाहिँ त त्यस विश्राममा प्रवेश गर्छौं, जसो उहाँले भन्नुभएको छ, "यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्÷।" यद्यपि

उहाँका कार्यहरू संसारको उत्पत्तिदेखि नै पूरा भइसकेका थिए। ४ किनकि उहाँले अरू कुनै ठाउँमा सातौं दिनको विषयमा यस किसिमले भन्नुभएको छ, "परमेश्वरले सबै कार्यहरूबाट सातौं दिनमा विश्राम लिनुभयो।" ५ र फेरि यसै खण्डमा उहाँले भन्नुभयो, "मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्" (हिब्रू ४:१-५)।

अब परमेश्वरले तिनीहरूलाई फैलाउनुभएको अनुग्रहको प्रत्युत्तरमा तिनीहरूले पनि आफूले पाएको अनुग्रह अरूहरूलाई फैलाउनु आवश्यक थियो।

यस परिवेशमा सेभेन्थ-डे साबथ परमेश्वरको सृष्टिको शक्तिशाली चिन्ह वा प्रतिकमात्र होइन उहाँले दिनुहुने मुक्ति र अनुग्रहको पनि शक्तिशाली चिन्ह वा प्रतिक हो। केवल विश्वासीहरूमात्र होइन घरका सबै जहान परिवार, काम गर्ने सेवक र सेविकाहरू, बालबालिका, पशुहरू र तिनीहरूलाई भेट्न आएका पाहुनाहरू चाहे विदेशी वा परमेश्वरलाई विश्वास नगर्ने होस् तिनीहरू पनि विश्राम गर्न अपेक्षा गरिएको छ। यहूदीहरूलाई परमेश्वरले दिनुभएको अनुग्रह साबथद्वारा प्रकट गरिएको थियो भने त्यो अनुग्रह आफूहरूलाईमात्र राख्ने होइन अरूहरू जो करारका बाहिरका मानिसहरूले पनि उपभोग गर्न पाउनुपर्छ भन्ने परमेश्वरको आदेश थियो। दश आज्ञाको व्यवस्थाको केन्द्रविन्दु नै परमेश्वरको अनुग्रह हो। त्यो अरूलाई पनि बाँड्नु तिनीहरूले आवश्यक ठान्नुपर्दथ्यो। परमेश्वरले आफ्नो अनुग्रहले तिनीहरूलाई के गर्नुभयो त्यसरी नै तिनीहरूले अरूहरूलाई गर्नु आवश्यक थियो। यो यति सरल कुरो हो।

**मत्ती १८:२१-३५ पढ्नुहोस्। यहाँ उल्लेख गरिएको अर्तिकथामा व्यवस्थाको पुस्तकमा जोर दिएको साबथको नीति कसरी प्रकट गरिएको छ? हेर्नुहोस्, २१ तब उहाँकहाँ आएर पत्रुसले भने, "प्रभु, मेरो भाइले कति पल्ट मेरो विरुद्धमा अपराध गरे मैले त्यसलाई क्षमा गर्ने? के सात पल्टसम्म?" २२ येशूले तिनलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, सात पल्ट होइन, तर सत्तरी गुणा सात पल्ट। २३ "यसैकारण स्वर्गको राज्य एउटा राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्ना नोकरहरूसँग हिसाब लिने इच्छा गरे। २४ जब तिनले हिसाब लिन लागे, दश हजार सुनका सिक्का ऋण लिने एक जना तिनीकहाँ ल्याइयो। २५ तर त्यस मानिसले तिर्न नसक्दा त्यसका मालिकले त्यसलाई र त्यसका पत्नी र छोरा-छोरी र त्यसका सबै थोक बेची ऋण चुकाउने हुकुम दिए।**

२६ “तब त्यस नोकरले घुँडा टेकी तिनका पाउमा परेर भन्न लाग्यो, ’मालिक, ममाथि धैर्य गर्नुहोस्, म तपाईंको सबै ऋण चुकाउनेछु। २७ तब त्यस नोकरका मालिकले टिठ्याएर त्यसलाई छोडिदिए, र त्यसको ऋण माफी गरिदिए। २८ “तर त्यस नोकरले निस्केर जाँदा आफ्नो सङ्गी-नोकरहरूमध्ये एक जनालाई भेट्यो, जो त्यसको एक सय चाँदीका सिक्काको ऋणी थियो। उसलाई घोक्रोमा पक्रेर त्यसले भन्यो, ’तेरो ऋण तिरिहाल्। २९ “तर त्यसको सङ्गी-नोकरले घोप्टो परेर त्यसलाई बिन्ती गर्‍यो, ’ममाथि धैर्य गर, म तिमीलाई सबै तिरिदिनेछु।३० “तर त्यो मानेन, र गएर ऋण नतिरुञ्जेलसम्म उसलाई झ्यालखानमा हालिदियो। ३१ त्यसका सङ्गी-नोकरहरूले यी सब देखे र तिनीहरू अति दुःखित भए। तिनीहरूले गएर यी सब घटना आफ्ना मालिकलाई बताइदिए। ३२ “तब मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने, ’ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरिस्, र मैले तँलाई तेरो ऋण माफी गरिदिएँ। ३३ मैले तँमाथि दया गरेझैं तैंले पनि तेरो सङ्गी-नोकरमाथि दया गर्नुपर्नेथिएन? ३४ तब त्यसका मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नतिरुञ्जेल दण्ड दिनेहरूका हातमा सुम्पिदिए। ३५ “तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरूसँग त्यसै गर्नुहुनेछ।”

(दश हजार सुनको सिक्का अहिलेको भाऊमा ३.४ बिलियन डलर वा तिन खर्ब चालिस करोड डलर। गुगलको अनुसार यो दुई लाख वर्षहरूको कामको ज्याला वा छ करोड दिनको काम गर्ने ज्यालाबाट आर्जन हुने तलब हो। अर्थात् यदि त्यो ऋण तिर्ने हो भने त्यस नोकर वा राजाको अर्थमन्त्रीले (?) २ लाख वर्षहरूसम्म काम गर्नुपर्नेथियो। सय चाँदीको तुक्रा भन्दा केवल १०० दिनको ज्याला भनेर गुगलले उल्लेख गर्दछ-अनुवादकको थप)।

## ५. तिम्रो धार्मिकताको निम्ति होइन

इसाई आस्थाको केन्द्रविन्दु नै बाइबलले सिकाएका शिक्षादीक्षाहरू हुन्। तिनीहरूमा महान् विषय नै विश्‍वास अर्थात् परमेश्‍वरमाथिको शुद्ध, निर्मल आस्थाबाटमात्रै परमेश्‍वरको सामु हामी निर्दोष ठरिन्छौं। यसमा पावलले यसरी ठोकुवा गर्छन्: "किनकि पवित्र-शास्त्रले के भन्छ? “अब्राहामले परमेश्‍वरमाथि विश्‍वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो” (रोमी ४:३) । (शब्दकोषमा धार्मिकता अर्थात् राइचियसस्नेस righteousness लाई नैतिकरूपमा

उचित, कानुसम्मत, धार्मिक, धर्मात्मा, धर्मशील, धर्मपरायण, सदाचारी, निर्दोष, असल चालचलन आदि गुणहरूले बुझाउन खोजिएको छ-अनुवादकको थप) ।

यस धार्मिकताको मामिलामा एलेन जी ह्वाइटको आफ्नो प्रख्यात भनाइ यस्तो छः "विश्वासद्वारा धार्मिकता के हो? मानिसको महिमा, यश, किर्ति आदि धुलोमा नै मिसाउने परमेश्वरको काम हो र मानिसले आफ्नो निम्ति जे गर्नुपर्ने हो सो आफ्ना सारा शक्ति, समझले गर्न सक्दैन। जब आफू निरिह भएको वा आफूमा केही नभएको वा आफू कोही होइन भनेर मानिसहरूले महसुस गर्दछन् वा देख्दछन्, तब तिनीहरू परमेश्‌वरको धार्मिकताको लुगा लगाउन तयार भएका हुन्छन्"-एलेन जी ह्वाइट, *द फेथ आइ लिभबाई,* पृ. १११बाट रूपान्तरित।

परमेश्वर को हुनुहुन्छ भनेर हामीले सोच्न सक्यौं भने र उहाँ कस्तो पवित्र हुनुहुन्छ भनेर सोच्न सक्यौं भने उहाँको बिपरित हामी हौं र हामी कतिको अपवित्र, प्रदुषित छौं भनेर महसुस गर्न सक्षम् हुनसक्छौं। हामी जस्तोलाई परमेश्वरको प्यार पाउन वा उहाँले उपलब्ध गराउनुभएको मुक्ति पाउन उहाँको अदभूत अनुग्रह बाहेक अरू कुनैले पनि सक्दैन भनेर हामी सहमत हुनैपर्छ। तर त्यो अपारको अनुग्रह हाम्रो निम्ति प्रयोग गर्नुभयोः त्यो हो, निर्दोष ख्रीष्ट हामी दोषी पापीहरूको निम्ति क्रुसमा उहाँको मरण।

**माथिको भनाइको सन्दर्भलाई मनमा राखेर व्यवस्था ९:१-६ पढ्नुहोस्। अयोग्य, पापी, गल्तीमात्र गरिरहने, हठी, बहकिन वा बरालिनमात्र चाहने मानिसहरूको निम्ति परमेश्वरको अनुग्रहको वास्तविकता कसरी प्रकट भएको थियो भनेर मोशाले कसरी बुझाउन खोजिएका थिए? यहाँ नै आस्था वा विश्वासद्वारा धार्मिकतामा गनिने भन्ने नीतिलाई कसरी प्रतिबिम्बित गरिएको छ? हेर्नुहोस्, " १ हे इस्राएली हो, सुन, तिमीहरूभन्दा महान् र शक्तिशाली जातिहरू, र आकाश छुने पर्खाल लाएका ठूला-ठूला सहरहरू अधिकार गर्न तिमीहरू आज यर्दन पारि जान लागेको छौ। २ त्यहाँका मानिस अनाकीहरू हुन्, जसको बारेमा तिमीहरू जान्दछौ। उनीहरू बलिया र अल्गा-अल्गा छन्। "अनाकीहरूका सामु को खड़ा हुन सक्छ?" भन्ने उक्ति तिमीहरूले सुनेका छौ। ३ तर आज यो कुरा निश्चय नै जानी राख, कि भस्म गर्ने आगोझैं तिमीहरूका अगिअगि जानुहुने परमप्रभु तिमीहरूका परमेश्वर नै हुनुहुन्छ। उहाँले उनीहरूलाई नष्ट पार्नुहुनेछ र तिमीहरूको अधीनमा ल्याउनुहुनेछ। परमप्रभुले तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैं तिमीहरूले उनीहरूलाई धपाएर चाँड़ै नष्ट**

**पार्नेछौ। ४ परमप्रभुले तिमीहरूका सामुन्नेबाट उनीहरूलाई निकालिसक्नुभएपछि तिमीहरूले आफ्नो मनमा यसो नभन्नू, "हाम्रो धार्मिकताको कारणले नै परमप्रभुले यो देश अधिकार गर्न हामीलाई ल्याउनुभएको हो।" बरु यी जातिहरूको दुष्टताले गर्दा नै परमप्रभुले उनीहरूलाई तिमीहरूका सामुन्नेबाट धपाउनुहुन्छ। ५ तिमीहरूको धार्मिकता वा ईमानदारीको कारणले उनीहरूको देश अधिकार गर्न तिमीहरू प्रवेश गर्न लागेका होइनौ। तर यी जातिको दुष्टताले गर्दा तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसित गर्नुभएको प्रतिज्ञा पूरा गर्नलाई परमप्रभु तिमीहरूका परमेश्वरले यिनीहरूलाई तिमीहरूका सामुबाट निकाल्नुहुनेछ। ६ यसकारण याद राख, कि तिमीहरूको धार्मिकताको कारणले यो असल देश परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको अधिकारमा दिन लाग्नुभएको होइन। किनभने तिमीहरू त हठी मानिसहरू हौ।"**

सुसमाचारको बारेमा पावलले सिकाउन चाहेको निचोडमा, सायद व्यवस्था ९:५ले व्यक्त गर्दछ भन्न सकिन्छ, "हाम्रो धार्मिकताको कारणले नै होइन परमप्रभुले यो देश अधिकार गर्न हामीलाई ल्याउनुभएको हो।" हामी योग्य वा असल भएर उहाँले हामीलाई मुक्ति दिन गइरहेको होइन। बरू उहाँले नै अनन्तको सुसमाचार (प्रकाश १४:६) दिने प्रतिज्ञाहरू गर्नुभएकोले हो। त्यो अनन्तको सुसमाचार दुई हजार वर्ष अघि यूहन्नाले पाएको दर्शनपछि होइन तर यस संसारको स्थापना काल अघिदेखिनै स्थापित भएको थियो। हामी मानिसको निम्ति त्यो सुसमाचार हाम्रो काम, धर्मकर्म, सुकर्म आदिले गर्दा होइन तर परमेश्वरको लक्ष्य पूरा गर्न र ख्रीष्टबाट दिइएको अनुग्रह पूरा गर्न दिएको थियो। यो सन्देश समयको सृष्टि हुनुभन्दा अघि नै दिएको थियो। यस सन्दर्भमा पावलले यसरी व्यक्त गर्दछन्: २ तिमोथी १:९,१० "९ उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो, १० जुन अनुग्रह अब हाम्रा मुक्तिदाता ख्रीष्ट येशूको आगमनद्वारा प्रकट गर्नुभएको छ। उहाँले मृत्युलाई नाश गरेर जीवन र अविनाशलाई सुसमाचारद्वारा प्रकाशमा ल्याउनुभयो।" तितस १:२ "१ परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलबाट, परमेश्वरका चुनिएकाहरूको विश्वास र भक्तिसँग मिल्दो तिनीहरूका सत्यको ज्ञान बढ़ाउनलाई, २ जुन विश्वास र ज्ञान अनन्त जीवनको आशामा स्थिर छन्, अनि कहिल्यै झूट नबोल्नुहुने परमेश्वरले अनन्त कालदेखि

प्रतिज्ञा गर्नुभयो।" हामी एउटा कुरोमा स्पष्ट हुनुपर्दछः यदि मुक्तिको प्रतिज्ञा समय सुरु हुनुभन्दा अघि दिइएको हो भने, पाप नै आउनुभन्दा अघि दिइएको हो भने, मानिसको सृष्टि हुनुभन्दा अघि नै दिइएको हो भने, मानिसले गर्ने कुनै पनि असल, धर्मकर्मको कामको अस्तित्व हुनुभन्दा अघि दिइएको हो भने परमेश्वरले दिनुहुने मुक्तिमा मानिसको कुनै असल वा धार्मिक कार्यको सरोकार नै थिएन न त थप्नु नै आवश्यक थियो।

मोशाले भन्न खोजेको अर्थ संक्षिप्तमा भन्नु पर्दा "तिमीहरूले जतिसुकै कसुर गरेतापनि, तिमीहरूमा जतिसुकै कमीकमजोरीहरू भएतापनि, तिमीहरू जतिसुकै हठी र बरालिने तथा विद्रोही मनका भएतापनि परमेश्वरले तिमीहरूको निम्ति र तिमीहरूमा यो अचम्मको काम गर्दै हुनुहुन्छ। त्यसकै प्रत्युत्तरमा तिमीहरूले केवल उहाँका वचनहरू र उहाँका आज्ञाहरू पालन गरे उहाँले तिमीहरूलाई आज्ञा गर्नुभएको छ ताकि तिमीहरू ठीक मार्गमा लागिरहुन्। प्रतिज्ञा त तिमीहरूलाई दिइसकेको छ र उपलब्ध गराइसकेको छः तिमीहरूको काम, सुकर्म, तिमीहरूले गर्नुपर्ने आज्ञा पालन यदि असलै भएतापनि (जुन प्रायजसो असल पनि छैन) तिनीहरू मुक्ति आर्जन गर्ने माध्यम कदापि होइन। तर तिमीहरू ती सबै थोक गर्छौ मुक्ति पाएको परिणामले गर्छौं।

परमेश्वरले तिमीहरूलाई अनुग्रहद्वारा मुक्ति दिलाइदिसक्नुभएको छ; अब तिमीहरूको हृदयमा परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू हृदयमा लेखिसकेको छ र तिनीहरूलाई पालन गर्न उहाँको आत्मा र शक्तिले शक्तिसम्पन्न गराउनुभएको छ, अब उहाँको व्यवस्थालाई पालन गर्दै अघि बढ।"

## उपसंहारः

**थप जानकारीः** "स्वर्गमै परमेश्वरको व्यवस्था, विधिको शासन तथा सुशासनको विद्रोह गर्ने ख्रीष्टको शत्रु सैतान तालिमप्राप्त र दक्षताले सम्पन्न भएको छ। उसले आफ्नो सबै शक्ति प्रयोग गरेर एक पछि अर्को जालसाजी र धोखाले भरिपूर्ण उपायहरू सृजना गरेर परमेश्वरको व्यवस्थालाई प्रभावहिन बनाउन खोजिरहेको छ। त्यो व्यवस्थालेमात्र पापलाई औँल्याउँछ वा पत्ता लगाउँछ। त्यो व्यवस्थामात्र धार्मिकताको आदर्श मापदण्ड हो।"-एलेन जी ह्वाइट, रिभ्यु एण्ड हेराल्ड, नभेम्बर १८:१८९०बाट रूपान्तरित।

यस जगतमा कमसेकम बिस खर्ब नक्षत्रहरू पौडी खेलिरहेका छन्। प्रत्येक नक्षत्र वा आकाश गङ्गामा कमसेकम सय खर्ब ताराहरू छन्। त्यसको अर्थ १००,०००,०००,००० ताराहरू केवल एउटा नक्षत्रमा हुन्छ। हाम्रो नक्षत्र वा आकाशगङ्गलाई दुग्ध सागर वा मिल्कीवे भनिन्छ जहाँ हामी रहेको पृथ्वी धुलोको केवल एक कणमात्र हो (यशैया ४०:१५)। बिस खर्ब नक्षत्रहरू जुन प्रत्येक नक्षेत्रमा १०० खर्ब ताराहरू छन् भनेको ती नक्षत्रहरूमा २००,०००,०००,०००,०००,०००,०००,००० ताराहरू छन् भन्न खोजिएको हो।

अब कुनै पनि अस्तित्वको नीति वा सिद्धान्त होः जोसुकैले सोचेर सृष्टि गर्दछ त्यो सृष्टि गरिएको भन्दा महान् र अपार हुनसक्छ। विश्वविख्यात चित्रकार पिकासो वा लियोनार्ड डाभिन्सी तिनीहरूका चित्रकला तथा अरू कामहरूभन्दा महान् र अपार छन्। यस बिशाल र अनगिन्ती नक्षत्र वा जगतलाई सृष्टि गर्नुहुने सोचेरै नै सृष्टि गर्नुहुने परमेश्वर हाम्रो जगतभन्दा महान् र अपार हुनुहुन्छ भन्ने कुरोमा कस्को दुईमत होला र?

माथिको कुरोलाई मध्यनजरमा राखेर देहायको पदलाई गहिरिएर सोच्नुहोस्ः "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन। त्यसको अर्थ त्यस परमेश्वर जो सबै थोक सृष्टि गर्नुभयो वा २००,०००,०००,०००,०००,०००,०००,००० ताराहरू र प्रत्येक वस्तु सृष्टि गर्नुहुने परमेश्वरले के गर्नुभयो रे? उहाँ खुम्चिन्दै खुम्चिन्दै मानव बच्चा हुनुभएर पापरहित जीवन बिताउनुभयो र क्रुसमा मर्नुभयो। उहाँले हाम्रो पाप र हामीले गर्ने सबै दुष्ट कामहरूको सजायँ भोग्नुभयो ताकि हामी सबैले अनन्त जीवनको प्रतिज्ञामा सहभागी हुन सकौं।

हाम्रो माझमा महान् सत्य तेर्सिएकोछः त्यो हो क्रुसमा हामीलाई दिइएको अनुग्रह। त्यसको बदलीमा परमेश्वरले के गर भन्नुभएको छ? "अब सबै कुरा सुनिएका छन्— कुराको निष्कर्ष यही होः परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर। किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य (धर्म नै) यही नै हो" (उपदेशक १२:१३)।

**चिन्तनमननः**

अ. परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू (चौथो आज्ञासमेत) पालन गर्नुभनेको विधिवाद, परम्परावादी, जडसूत्रबाद वा धर्मकर्म गरेर मुक्ति पाउनु भनेको हो भन्ने कतिपय इसाई सम्प्रदायहरूको धारणा छ जसले गर्दा दश आज्ञालाई सरासर निलम्बन भयो भनेर सर्वसाधारण मानिसहरूलाई सिकाउँछन्। तर त्यस्तो धरापमा नपर्न हामी के गर्ने? परमेश्वरको आज्ञालाई यताउति नगरि हृदयदेखि पालन गर्नु भनेको विधिवादभन्दा किन फरक छ? विधिवाद वा आज्ञा पालन गरेर मुक्ति पाइने भएकोले आज्ञा पालन गरौं भन्ने धारणा र परमेश्वरलाई हृदयदेखि प्रेम गरेको कारणले उहाँले हामीलाई रिझाउनुभएको कारणले उहाँको वचन मान्छौं भन्नुको बीचमा के फरक छ?

आ. परमेश्वरका दश आज्ञाहरू वा ती आज्ञाहरूको कुनै पनि आज्ञालाई वेवस्ता गर्दा दुःखकष्ट पाएको मानिसको कथाहरू के तपाईंलाई थाहा छ? परमेश्वरको व्यवस्थाले हामीलाई उहाँको प्रेमलाई प्रतिबिम्ब गर्छ भनेर ती कथाहरूबाट हामीले के सिक्ने?

इ. हामीहरूको धर्मकर्म, विधिवाद, सुकर्म, दानी, परोपकारी आदिद्वारा स्वर्ग जान खोज्नु बेकार छ भन्ने कुरो क्रुसबाट हामी कसरी देख्न सक्छौं?

## कथा ७
## हराएको पाठो
## चीहय चिन्युयमा, ४२, जापान



कोरोना भाइरसको महामारीमा पनि धेरै उत्साहित भइरहेको छु। जापानको ओसाका सहरमा मेरो श्रीमान र म अङ्ग्रेजी भाषा सिकाउने स्कूल चलाउँछौं। यस सहरमा दुई करोड सत्तरी लाख मानिसहरू छन्। महामारीले गर्दा स्कूल बन्द भएको थियो। तर जापानको सरकारले आपतकालिन स्थिति घोषणा गर्नुभन्दा पहिले हामीले अनलाइनबाट पाठहरू सिकाउने कार्यक्रम स्थापना गरेका थियौं। त्यसको फलस्वरूप ९० प्रतिशत विद्यार्थीहरूलाई सिकाइरहने काममा सलंघ्न हुन सकिरहेका छौं।

एकदिन, एक जना पुरानो ६० वर्षको महिला विद्यार्थीले महामारी उच्चशिखरमा पुगिरहेको बेलामा मसँग सम्पर्क राख्दा म अत्यन्तै अचम्भित भएँ। हामी १३ वर्षदेखि चिनाजानी थियौं तर दुई वर्ष अघिदेखि उनीसँग हामी सम्पर्क विहिन भएका थियौं। एक दिन कामबाट फर्किन्दै गरेको बेलामा मैले फेसबुक मेसेन्जरमा उनीबाट एउटा सन्देश पाएँ।

"महामारी फैलिरहेको भएतापनि म तपाईंको चर्चमा सरिक हुन चाहन्छु," उनले लेखिन्। चिकाको इसाई थिइनन्। येशूको बारेमा उनले जान्न चाहेकोमा म छक्क भएँ। अनि मैले येशूको बारेमा उनलाई छोटकरीमा लेखें र म कसरी येशूलाई विश्वास गर्न पुगें भन्ने कुरो पनि लेखें। शनिबारको दिन एक आपस भेट गर्ने र साबथको सेवाकार्यमा भाग लिने कुरामा एक आपसमा सहमत भयौं। एक साबथको कार्यक्रममा मैले हराएको भेंडाको अर्तीकथा उनलाई सुनाएँ। उनले बढो ध्यान दिएर सुनिन्। यस कथामा येशूले भन्नुभएको थियो, "तिमीहरूमध्ये कुन मानिस होला, जसको एक सय भेड़ामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोड़ेर हराएको भेड़ा नपाउञ्जेल त्यसको खोजी गर्दैन? हराएको भेड़ा भेट्टाएपछि रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ, र घरमा आएर उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाउँछ, र तिनीहरूलाई भन्छ, 'मसँग रमाओ, किनभने मैले आफ्नो हराएको भेड़ा पाएको छु।÷ म तिमीहरूलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढ़ी आनन्द हुनेछ" (लूका १५:४-७)। त्यो हराएको भेंडा को रहेछ भनेर

चिकाकोले तुरन्तै पहिचान गरिन्। येशूले उनलाई उहाँको पछि लाग्न धेरै समयदेखि बोलाइरनुभएको, तर आफ्नै समयमा निर्णय गर्ने निर्णय गरेको थिएँ भनेर उनले मलाई सुनाइन्। अनि उनले पछि भनेको वचनले मलाई चकित पाऱ्यो।

"मलाई थाहा छ कि येशूले मलाई हराएको भेँडा भनेर बोलाइरहनुभएको थियो, तर मैले उहाँलाई वेवास्ता गरिनै रहें। अब म वेवास्ता गर्दिंन। म बप्तिस्मा लिन चाहन्छु।" पवित्र आत्माले उनको हृदयमा काम गरिरहनुभएको थियो भनेर मलाई स्पष्ट भयो, त्यो पनि महामारीको बेलामा। येशूको प्रेम र उहाँको शिक्षाको बारेमा उनलाई सुनाउन मलाई धेरै रमाइलो भएको थियो।

त्यसपछि हामी धेरै पटक भेटयौं। एक साबथमा, येशू क्रूसमा किन मर्नुभयो र क्रूसमा टाँगिएको अपराधीले अन्तिम अवस्थामा येशूलाई सत्यरूपमा विश्वास गरेर मर्न निर्णय गर्न पुग्यो भनेर उनलाई मैले सुनाएँ। त्यो सुनेर उनी धेरै भावुक भइन्। येशूले प्रेम गर्नुहुन्छ र उहाँ जहिले पनि क्षमा दिन तयार हुनुहुन्छ भन्ने कुराले उनको हृदयमा छोएको थियो। आफ्नै पाराले आनन्द र शान्ति पाउन उनले जतिसुकै प्रयास गरे पनि उनी संतुष्ट नभएको उनले महसुस गरकी थिइन्।

"म क्रूसमा टाँगिएको त्यस अपराधी जस्तै हुन चाहन्छु र येशूलाई ग्रहण गर्न चाहन्छु," उनले भनिन्।

हो, कोरोना भाइरसको महामारीले हाम्रो दैनिक जीवन उथलपुथल भइरहेको होला, तर मानिसहरूलाई आफूतिर खिँच्न यस महामारीलाई रोक्न सक्दैन। येशूले भन्नुभयो, "मेरा अरू भेड़ा छन्, जो यस गोठका होइनन्। तिनीहरूलाई पनि मैले ल्याउनुपरेको छ, र तिनीहरूले मेरो सोर सुन्नेछन्, र तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ" (यूहन्ना १०:१६)।

हामीले महसुस नगरेतापनि वा नदेखेतापनि येशूले हाम्रो जीवनमा काम गरिरहनुभएको हुन्छ। येशूले हामी प्रत्येकलाई हाम्रै नाउँ काढेर बोलाउनुहुन्छ र यदि हाम्रो जीवन उहाँमा अर्पण गऱ्यौं भने उहाँले हामीलाई मुक्ति दिनुहुन्छ जुन हामी अहिलेदेखि नै अनुभव गर्न सक्छौं।

*कोभिड-१९ले चियह र उनको श्रीमानले चलाएका अङ्ग्रेजी भाषाको अनलाइन कक्षाहरूले सुसमाचार सुनाउन झन उल्लेखनीय भूमिका खेलाउन अवसर दिइरहेकोछ।*

**-चियह चिन्यामा**